आ.व. २०८१/०८२

बैठक संख्या १४

आज मिति २०८२/०१/२५ गते बिहिवारका दिन बिहान ८:०० बजे यस रामपुर नगर कार्यपालिकाको चौधौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

## रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को चौधौं कार्यपालिकाको बैठकका

### प्रस्तावहरु

१) अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।
२) आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको तयारी छलफल सम्बन्धमा ।
३) योजना कार्यान्वयनको छलफल सम्बन्धमा ।
४) स्थानीय तहस्तरीय भूमि समस्या सहजीकरण समिति गठन सम्बन्धमा ।
५) विविध ।

### निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०१/११ गते बसेको १३ औं कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

१. प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८२/८३ को लागि तपसिल बमोजिमका प्रदेश समपुरक आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनोट गरी पठाउने निर्णय गरियो ।

**प्रदेश समपुरक आयोजना तथा कार्यक्रम**

१. हरित मार्ग स्तरोन्नती, रामपुर-२, पाल्पा
२. रातमाटा देखि जिरो सम्मको मोटर बाटो कालोपत्रे, रामपुर-८, पाल्पा
३. रामटार देखि कुमालगाउँ हुँदै कट्टी बगैंचा मोटर बाटो कालोपत्रे, रामपुर-१०, पाल्पा
४. किसानबारी मोहोटी गचौंदी मोटर बाटो कालोपत्रे, रामपुर-७, पाल्पा

२. प्रदेश विशेष अनुदान कार्यक्रम सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०८१ बमोजिम आ.व. २०८२/८३ को लागि तपसिलका प्रदेश विशेष आयोजना तथा कार्यक्रम प्राथमिकिकरणका आधारमा छनौट गरी पठाउने निर्णय गरियो ।

**प्रदेश विशेष आयोजना तथा कार्यक्रम**

१. जगटे आँप शहरी स्वास्थ्य केन्द्र भवन निर्माण, रामपुर-१०, पाल्पा
२. गण्डकीढिक बोटेगाउँ खानेपानी योजना, रामपुर-३, पाल्पा

३. रामपुर नगरपालिकाबाट यस आ.व. अन्तर्गत विनियोजित योजना कवर्ड हल निर्माण रा.न.पा-७ र कुसुण्डे खा.पा. योजना रा.न.पा-७ को योजना कार्यान्वयन प्रकृया कोटेशन विधिबाट गर्ने निर्णय गरियो ।

४. नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको तेहौं कार्यपालिकाको बैठकमा छलफल हुँदा यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको टुटुवाघाट रा.न.पा-६ र बहखोला घाट रा.न.पा. ५ र ६ (बरुणेश्वर मन्दिर क्षेत्र सरसफाई गर्न) उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

५. सिम्रन साहिल कन्स्ट्रक्सन प्रा.लि. मध्यपुर थिमी, भक्तपुरको च.नं. ३९, २०८१/११/२५ गतेको पत्रानुसार रामपुर नगरपालिका वडा नं. ३ स्थित कृतिपुर बयेरघाट नामटाङ सीताकुण्ड मोटरबाटो स्तरोन्नती योजना उक्त प्रा.लि. र स्थानीय पूर्वधार विकास परियोजना कार्यालय बुटवल बिच सम्झौता भई काम भई रहेकोले उक्त योजना सम्पन्न गर्नका लागि आवश्यक ४०० घ.मि. गिट्टी बालुवा नियम अनुसार राजश्व लिइ पायक पर्ने घाटबाट उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोमा १३ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी खयरबोटघाट- बाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

६. Pasma construction, Chapakot-10, Syangja का प्रो. पस्म राज पंगेनीले मिति २०८२/०१/१० गते पेश गरेको निवेदन अनुसार यस रामपुर नगरपालिका र उक्त कन्स्ट्रक्सन बिच मिति २०८१/०८/०५ गते मियालपानी देखि २ नं. वडा कार्यालय कालोपत्रे निर्माण गर्न सम्झौता भएको हुदा उक्त क्षेत्र पर्ने निस्दी खोलाको खयरबोट घाट बाट Sub-Base को कार्य गर्न ४०० घ.मि. बराबरको Material आवश्यक भएको हुदा नियम अनुसार राजस्व लिई उक्त घाटबाट मेसिन प्रयोग गरेर Material निकाल्न मिल्ने गरी Material उपलब्ध गराइदिनुहुन भनी निवेदन पेश गरेकोमा १३ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी खयरबोटघाटबाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

७. खेलाडीहरूलाई प्रशिक्षणमूलक प्रशिक्षण मार्फत स्थानीय स्तरमा खेलकुदको गुणस्तर सुधार्न सकिने र भविष्यका राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गर्ने ठोस आधार तयार हुने हुँदा यस नगरपालिका अन्तर्गत

सम्पूर्ण वडाका युवाहरुमा उनिहरुको रुचीका आधारमा फुटबल, भलिबल, कराते, अथवा एथलेटिक्सजस्ता लगायतका खेलहरूमा दक्ष प्रशिक्षकबाट प्रशिक्षण गर्ने निर्णय गरियो ।

८. माथि उल्लिखित लगायत विभिन्न विषयमा छलफल गरियो ।

२. निर्णय नं.२, प्रस्ताव नं. २ माथि छलफल गर्दा आगामी आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तयारीका लागि विषयगत समिति तथा वडागत रुपमा महत्वपूर्ण नीति, कार्यक्रम प्राप्त गर्ने निर्णय गरियो ।

३. निर्णय नं.३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ अन्तर्गत विनियोजन गरिएको योजना कार्यान्नवयनको अवस्थाका बारेमा नगर उप-प्रमुख तथा अनुगमन समितिका संयोजक श्री बालकुमारी थापाज्यूले तपसिल बमोजिमको प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

४. निर्णय नं.४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०८१ को दफा ४ उपदफा १ मा स्थानीय स्तरीय सहजीकरण समिति गठन अन्तर्गत कार्यपालिका सदस्यहरु मध्येबाट एक जना दलित वा अल्पसंख्यक र एक महिला गरी दुईजना सदस्य हुने व्यवस्था रहेकोमा तपसिल बमोजिम मनोनयन गर्ने निर्णय गरियो ।

क) कार्यपालिका सदस्य श्री माया देवी नेपाली

ख) कार्यपालिका सदस्य श्री शारदा आचार्य

५. निर्णय नं.५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमि समस्या समाधान आयोग, जिल्ला समिति, पाल्पाको च.नं. १९, पत्र संख्या ०८१/८२, मिति २०८२/०१/२४ गतेको पत्रानुसार विगतमा प्रथम पटक लगत संकलनको ३५ दिने सूचना प्रकाशन भैसकेका स्थानीय तहहरुको हकमा पुनः लगन संकलनको लागि ३५ दिने सूचना प्रकाशन र कारण सहित विवरण उपलब्ध गराउनका लागि पत्र प्राप्त भएकोमा तपसिल बमोजिमका कारणहरु लेखी पठाउने निर्णय गरियो ।

तपसिलः

१. पहिलो चरणको सूचनामा विभिन्न कारणले छुट भएका लाभग्राहीहरूलाई पुनः विवरण दर्ता गर्न अवसर उपलब्ध गराउन।

२. अपूर्ण वा त्रुटिपूर्ण विवरण पेश भएका व्यक्तिहरूलाई सुधार वा पुनः विवरण पेश गर्ने मौका दिन ।

३. सूचनाको अभाव, जानकारीको कमीले गर्दा विवरण दर्ताबाट वञ्चित भएकाहरूलाई सहभागी गराउन।

४. स्थानिय तहमा प्राप्त गुनासाहरू तथा मागहरूको आधारमा समावेश हुन बाँकी लाभग्राहीहरूको विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | कालीगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टर | रा.न.पा-७, पाल्पा | उक्त संस्थाले गर्न लागेको विद्यालय आँखा जाँच कार्यक्रम | रु ३०,०००/-(रु तीस हजार मात्र) | विभिन्न संघ संस्था तथा विद्यालय सहायता |
| ४ | राहुडाँडा भर्लेनी बाटो निर्माणका लागि गठित उपभोक्ता समिति | रा.न.पा-१० | उक्त खोल्सीमा बाढीले सम्पूर्ण जाली बगाएको | रु ३,००,०००/- (रु तीन लाख मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |
| ५ | किर्तिमान श्रेष्ठ, रोटरी क्लव अफ रामपुर | रामपुर, पाल्पा | उक्त क्लवको आयोजना, गौतम बुद्ध सामुदायिक मुटु अस्पतालको प्राविधिक सहयोग र नगरपालिकाको संरक्षकत्वमा संचालन गरिएको बृहत निःशुल्क स्वास्थ्य शिवीर कार्यक्रम संचालन | रु ५०,०००/- (रु पचास हजार मात्र) | विभिन्न संघ संस्था तथा विद्यालय सहायता |
| ६ | श्री भानुभक्त मा.वि. | रा.न.पा-१० | उक्त विद्यालयको छात्रावास तथा उत्तर तर्फको चमेनागृह रहेको भवनको छाना हावाहुरीले उडाएर सामग्रीमा विभिन्न क्षति पुगेको | रु १,७५,०००/- (रु एक लाख पचहत्तर हजार मात्र) | विद्यालयको भौतिक पूर्वाधार मर्मत सम्भार खर्च |
| ७ | सामुदायिक रेडियो रामपुर एफ.एम. | रामपुर, पाल्पा | अविरल वर्षाको कारणले क्षती भई प्रशारणमा अवरोध पुगेकोले ट्रान्समिटर खरिद | रु ३,००,०००/- (रु तीन लाख मात्र) | स्थानीय संचार माध्यमबाट सूचना, विज्ञापन जनचेतनामुलक साझेदारी कार्यक्रम उपलब्ध प्रसारण तथा प्रकाशन खर्च शीर्षक |
| ८ | श्री जनकल्याण मा.वि. | रा.न.पा-१०, पाल्पा | उक्त भवनका कोठाहरु प्लास्टर गर्न झ्याल ढोका हाल्न साथै डेस्क बेन्च खरिद गर्न | रु २,५०,०००/- ( रु दुई लाख पचास हजार मात्र) | विद्यालयको भौतिक पूर्वाधार पूर्वाधार मर्मत सम्भार खर्च |
| ९ | निर बहादुर राना | रा.न.पा-१०, पाल्पा | उक्त वडा स्थित गेब्दी खोलाको कुलोलाई बाढीले क्षति पुगेको मर्मत बापत | रु २५,०००/- (पच्चीस हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |

Shagun

CamScanner

संकलन गर्न।

५. स्थलगत अनुगमन तथा पुनरावलोकनको क्रममा थपिएका वा पहिचान भएका नयाँ लाभग्राहीहरूको लगत संकलन गर्न।

६. लगत संकलनको प्रक्रिया पारदर्शी, समावेशी र न्यायोचित बनाउने उद्देश्यले सबै सम्भावित लाभग्राहीहरूलाई पुनः अवसर प्रदान गर्न।

६. निर्णय नं.६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रोड रोलर पद रिक्त रहेकोले दैनिक ज्यालादारीमा कामकाज गर्नका लागि १ जनालाई पाल्पा जिल्ला दररेट निर्धारण समिति, पाल्पाले आ.व. २०८१/०८२ का लागि तोकेको दैनिक ज्यालादारी रु ९९१ (रु नौ सय एकानब्बे) उपलब्ध गराउने गरी ज्यालादारीमा खटाउने गरी निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार रामपुर नगरपालिका वडा नं. ८ गोर्खाली गाउँमा कार्यान्वयन हुने गोर्खाली गाउँ घुम्ति देखि कुम्राङ्ग जाने मोटर बाटो तथा ठूलो पधेरो टंकी संरक्षण योजना भू तथा जलधार व्यवस्थापन कार्यालय, तानसेन पाल्पासँग साझेदारीमा कार्यान्वयन गर्ने प्रतिबद्धता गरिएकोमा रु १,००,०००/-(रु एक लाख) साझेदारी गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा विभिन्न आर्थिक सहयोग तपसिल बमोजिमका शीर्षकहरुबाट भुक्तानी हुने गरी निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | नामथर | ठेगाना | विवरण | रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद भट्टराई | रा.न.पा-३, पाल्पा | Research project को लागि आर्थिक सहयोग माग गरेको | रु २५,०००/- (पच्चीस हजार मात्र) | अध्ययन, अनुसन्धान सहायता खर्च |
| २ | केशब बहादुर श्रेष्ठ/श्याम श्रेष्ठ | रा.न.पा-१, पाल्पा | करिडोर कटुवा ठूलीवशी ज्ञानमन्जरी आ.वि. जाने बाटो र करिडोर कटुवा देखि ठूलीवेशी हुँदै कासिवन जाने मो.बा. ग्रावेल गरी सडक स्तर उन्नति | रु १५,०००/-(रु पन्ध्र हजार मात्र) | नगर स्तरीय मर्मत तथा निर्माण खर्च |

८.

| | | | | |
|---|---|---|---|---|
| ८ | जमिलुन अलि मिया | रा.न.पा-४, पाल्पा | आगलागीका कारण निजको टौवामा रहेको गहुँको नल, पराल, त्रिपाल, काठ, जाली नष्ठ भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |
| ९ | श्याम बहादुर बोटे | रा.न.पा-३, पाल्पा | दमको रोगी भएकोले औषधी उपचार खर्च | रु ८,०००/- (आठ हजार मात्र) |
| १० | धर्मी पौडेल | रा.न.पा-८, पाल्पा | निजको देवर हरि पौडेल क्यानसर रोग लागि उपचाररत रहेकोमा उपचार खर्च सहयोग | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |
| ११ | खुम बहादु वि.क. | रा.न.पा-१०, पाल्पा | फर्निचरमा काम गर्ने बेलामा दुर्घटना भई दुवै हातका औंलाहरुमा गम्भिर चोट | रु ५,०००/- (रु पाँच हजार मात्र) |
| १२ | दिल ब. सारु | निस्दी-१,पाल्पा | आगालागी भई निजको घर, गोठ, सुन, नगद, वस्तुभाउ, लत्ताकपडामा क्षती पुगेको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| १३ | हेमकला श्रेष्ठ | रा.न.पा-५, पाल्पा | निजको सासु आमा सुर्य कुमारी श्रेष्ठ किड्नी सम्बन्धी रोगले बिरामी परेको | रु १०,०००/- (रु दश हजार मात्र) |
| १४ | ठाकुर प्रसाद पाण्डे | रा.न.पा-१०, पाल्पा | निजको जस्ता पातले छाएको पिल्लरवाला गोठ आगालागी बाट क्षती भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| १५ | हुम ब. मार्की | रा.न.पा-५, पाल्पा | हावा हुरीको कारण घरको बार्दलीमा क्षती पुगी पुन निर्माण गर्नु परेको र घरको आर्थिक अवस्था कमजोर भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| १६ | सेती सार्की सारु | रा.न.पा-८, पाल्पा | निजको घर नभएको र झुप्रोमा बस्दै आएको | रु १२,०००/- (रु बाह हजार मात्र) |
| १७ | मिन बहादुर घर्ती | रा.न.पा-८, पाल्पा | उक्त वडा बस्ने विष्णु बहादुर घर्तीको मृत्यु भएको | रु १०,०००/- (रु दश हजार मात्र) |

९. निर्णय नं. ९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८२/०१/१० गते बसेको वन, वातावरण तथा विपद् व्यवस्थापन समितिबाट प्राप्त तपसिल बमोजिमको निर्णय सदर गर्ने निर्णय गरियो ।

पत्र संख्या २०८१/०८२, च.नं २७४९, मिति २०८२।०१।०४ गते जिल्ला प्रशासन कार्यालय तानसेन, पाल्पाबाट प्राप्त भएको पत्रानुसार यस कार्यालयबाट छनोट भई घर बनाउने सम्झौता गरेका तपशिल वमोजिमका लाभग्राहीहरुको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट यस नगरपालिकाका ३ जना आगलागी र ५ जना मनसुनजन्य विपद्का पुनर्निर्माण तर्फका लाभग्राहीहरुको प्रथम किस्ता भुक्तानीका लागि ५०% का दरले बजेट निकासा भई आएकोले विपद् प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान, कार्यविधि, २०८१ दफा १९(ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खाता नं ३०३०१००१०२०६०००० मा रकम जम्मा गरी जानकारी गराउनुहुन आदेशानुसार अनुरोध भई आएकोमा यस पालिकाको दायित्व बराबरको साझेदारी रकम विनियोजन गर्ने निर्णय गरियो।

तपशिलः

| क्र.सं. | लाभग्राहीको विवरण | साझेदारी गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १ | राम प्रसाद न्यौपाने | ६०,०००/- | १५%(२०८१/०३/०३ अगाडी सम्झौता भएकोले) |
| २ | स्याम कुमारी पुलामी | ६०,०००/- | |
| ३ | सुमन बहादुर पुलामी | ६०,०००/- | |
| ४ | डिल कुमारी दमै | ६०,०००/- | |
| ५ | लक्ष्मी कुमारी साठीघरे | ६०,०००/- | |
| ६ | नारायण कुमारी साठीघरे | ६०,०००/- | |
| ७ | रेशम राज पंगेनी | ८०,०००/- | २०% |
| जम्मा | | ४,४०,०००/- | |

१०. निर्णय नं. १०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा तपसिल बमोजिमको राहत रकम विपद व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

| क्र.सं. | नामथर | ठेगाना | विवरण | राहत लिएको रकम |
|---|---|---|---|---|
| १ | राजु सार्की | रा.न.पा-१ | उक्त वडा स्थित बेलघारी गजबन्दीमा रहेको बेलघारी आधारभूत विलाय नजिक रहेको पिपल र स्वामीको रुख ढल्न गई निजको घरमा क्षती भएको | रु २५,०००/- (रु पच्चीस हजार मात्र) |
| २ | चन्द्र कला खाम्चा | रा.न.पा-१ | निजको श्रिमान तुल बहालुर खाम्चा वैदेशिक रोजगारीको क्रममा साउदी अरेवियाको रियादमा मृत्यु भएको, मृतकको शव काठमाडौ देखि घर सम्मा लैजादा भएको खर्च | रु २२,०००/- (रु बाइस हजार मात्र) |
| ३ | वल नारायण मानन्धर | स्याङ्गजा जिल्ला क्याक्मी गा.वि.स. २ हाल पाल्पा जिल्ला रा.न.पा-८, पाल्पा | रुखमा चड्ने बेला लडुर खुट्टा भाँचिएको | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| ४ | धन बहादुर सिंजाली | रा.न.पा-१०, पाल्पा | निजको काठपातले बनेको, जस्तापाताले छाएको भैसीगोठमा आगलागी भई सम्पत्तीकझ क्षति भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |
| ५ | श्री सिद्धार्थ प्रा.वि. | रा.न.पा-१०, पाल्पा | मिति २०८१/१२/०२ गते आएको हावा हुरीबाट उक्त विद्यालयको छाना उडाएकोले अध्यापन कार्यमा समस्या आएको | रु २०,०००/- (रु बीस हजार मात्र) |
| ६ | विमा कुमारी थापा | रा.न.पा-१, पाल्पा | घाँस काटने क्रममा रुख बाट लडेर टाउकोमा रगत जमेको र देब्रे खुट्टा भाचिएको | रु १२,०००/- (रु बाह्र हजार मात्र) |
| ७ | राम भक्त ठाडा | रा.न.पा-३, पाल्पा | निजको आमा नरिसरा ठाडा भन्ने निरा कुमारी थापालाई पक्षघात भएको | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) |

Shagun

११. निर्णय नं. ११, प्रस्ताव नं. ५ माथि छलफल गर्दा किसान सुचिकरण प्रणाली व्यवस्थापन तथा संचालन निर्देशिका, २०८१ को परिच्छेद-५को दफा २२ मा स्थानीय तहको उपप्रमुखको अध्यक्षतामा सम्बन्धित अन्य सरोकारवाला निकायका प्रतिनिधिहरु सदस्य रहने गरी एक स्थानीय किसान सुचिकरण समन्वय समिति गठन गर्न सकिने व्यवस्था बमोजिम किसान सूचिकरण सम्बन्धी विवाद निरुपण लगायत कार्य गर्नको लागि किसान सुचिकरण समन्वय समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

तपशिलः

संयोजकः उप प्रमुख, श्री बालकुमारी थापा

सदस्यः प्रमुख प्रशासकीय अधिकृत-श्री सुर्य दर्शन पण्डित

सदस्याः आर्थिक विकास समितिको संयोजक- श्री दुर्गा देवी भण्डारी गौतम

सदस्याः नगरपालिकाले तोकेको वडाध्यक्ष २ जना- श्री दुर्गा पोखरेल, वडाध्यक्ष वडा नं. ५

श्री तोयानाथ सारु थापा, वडाध्यक्ष वडा नं. १०

सदस्याः पशु सेवा शाखा प्रमुख- तुलसीराम काफ्ले

सदस्याः कृषि प्राविधिक- युवराज नेपाली

सदस्य सचिबः कृषि शाखा प्रमुख- नारायण प्रसाद गैरे

१२. निर्णय नं. १२, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर शीत भण्डारमा आलु भण्डारण कार्य गर्ने कामदारहरुलाई प्रति बोरा रु.१३ का दरले ज्याला दिने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ५ माथि छलफल गर्दा श्री हिमाल ग्रुप निर्माण व्यवसाय उद्योग, सन्धिखर्क ५, अर्घाखाचीको च.नं.१७, मिति २०८२/०१/२३ गतेको पत्रानुसार स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, बुटवलद्धारा ठेक्का आह्वान गरिएको Upgrading of Syawli Bazaar Sakhadi Anandi Road Palpa (Contract ID;Cidpo/Lumbini/NCB/W/R/081-082/177 कार्यको लागि नदीजन्य पदार्थ आवश्यक परेकोले रामपुर नगरपालिका अन्तर्गत छपौदी घाट, रामपुर-०१ नाकाबाट ११० घ.मि. नदीजन्य पदार्थ आवश्यक नियमानुसार राजश्व बुझिलिइ उत्खनन गरी पाउ भनी निवेदन पेश गरेकोमा १४ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको बिषय सूचीको बुदा नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी सम्बन्धित वडा कार्यालय र ईलाका प्रहरी कार्यालयसँग समन्वयमा प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन (IEE) अनुसार रामपुर नगरपालिका वडा नं. १ स्थित छपाग्दी घाटबाट ११० घ.मि. प्रयोग गर्ने साथै रामपुर नगरपालिकाका नगर प्रहरीको निगरानीमा उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

निर्णय नं. १४, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५ मा रहेको कर्भड हलका लागि यस आ.व. अन्तर्गत रु १०,००,०००/- (रु दश लाख) विनियोजन भएकोमा उपभोक्ता समितिको माग बमोजिम सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ बमोजिम कोटेशन विधिबाट उक्त प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

.निर्णय नं. १५, प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०७६/०७७ मा राष्ट्रिय योजना आयोग विशेष अनुदान अन्तर्गत रामपुर नगरपालिका वडा नं. ७ भवन निर्माणका रु ५० लाख विनियोजन भई भवन निर्माण गरिएको । आ.व. २०८१/०८२ मा समेत संघीय सरकारबाट आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण रु ३८,८६,०००/- ( रु अठ्तीस लाख छयासी हजार मात्र) रकम विनियोजन भएकोमा सेवाग्राहीको माग र वडा नं. ७ को कार्यालयको सिफारिस बमोजिम उक्त क्षेत्रमा Store, Kitchen र माथिल्लो तलामा हल निर्माण गर्न उपभोक्ता समितिबाट प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

६.निर्णय नं. १६, प्रस्ताव नं. ५ माथि छलफल गर्दा कालीगण्डकी नदी डाइभर्सन आयोजनाले गर्दा नगरपालिकाको प्राकृतिक, धार्मिक, सामाजिक र आर्थिक अस्तित्वमाथि प्रतिकूल असर पार्ने भएकाले यसलाई अविलम्ब रोक्न सम्बन्धित निकायमा जानकारी गराउने निर्णय गरियो।

१७.निर्णय नं. १७, प्रस्ताव नं. ५ माथि छलफल गर्दा Gajendra/BKB Joint Venture, Waling, Syangja को मिति २०८२/०१/२५ गतेको पत्रानुसार शहरी विकास तथा भवन कार्यालय पाल्पाबाट ठेक्का नं. UDBOP-NCB-WORKS-080/081-36 Rural Development & Small City Infrastructure Construction Works Rampur Palpa मा भएकझ बाटोको लागि बेस गिटी केही बाटोलाई अपुग भएकोले बेस गिटी कुट्नको लागि ग्रावेल, ढुङ्गा २५०० घ.मी. आवश्यक पर्ने भएकोले भलायटार नाकाबाट निकाल्नको लागि सहजीकरण गरिदिनुहु भनी लेखी आएकोमा १४ औ कार्यपालिका बैठकमा छलफल हुँदा नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं.२ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी भलायटार घाट बाट उक्त परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

१८.निर्णय नं. १८, प्रस्ताव नं. ५ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५ स्थित हडेन खोल्सीमा हाल रामपुर नगरपालिकाबाट संकलन गरिने फोहोरमैला विसर्जन गरिएकोमा उक्त खोल्सीमा वर्षातको समयमा आउने बाढी र भेलले उक्त स्थान वरपर दुर्गन्धित र महामारी फैलिने सम्भावना देखिएकोले

CS CamScanner

काल ग्याबिन जाली निर्माणका लागि रु ३,१५,०००/- (रु तीन लाख पन्ध्र हजार) नगरस्तरीय र्माण तथा मर्मत खर्च शीर्षकबाट कट्टा हुने गरी उक्त कार्य गर्ने निर्णय गरियो ।

१.निर्णय नं. १९, प्रस्ताव नं. ५ माथि छलफल गर्दा कुशल कन्स्ट्रक्सन प्रा.लि.को मिति ०८२/०१/२३ को पत्रानुसार यस रामपुर नगर गौरवको योजना कालीगण्डकी साइकलिङ तथा मार्ग निर्माण कार्यको लागि वडा नं. ८ भुजात घाटबाट १०० घ.मी. र वडा नं. १० को दीघाटबाट १०० घ.मी. गरी जम्मा २०० घ.मी. उपलब्ध गराइदिनुहुन भनी यस कार्यालयमा निवेदन श गरेकोमा १४ औ कार्यपालिका बैठकमा छलफल हुँदा यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने री कार्यालयका नगर प्रहरीको निगरानीमा, ईलाका प्रहरी कार्यालय तथा वडा कार्यालयको समन्वयमा रम्भिक वातावरणीय अध्ययन (IEE) भएको भुजात घाट रा.न.पा-८ बाट १०० घ.मी. र बौदी घाट ा.न.पा-१० बाट १०० घ.मी. उपलब्ध गराउने गरी उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

२०.निर्णय नं. २०, प्रस्ताव नं. ५ माथि छलफल गर्दा आ.व. २०८१/०८२ का लागि नगरस्तरीय मर्मत तथा निर्माण कार्यको लागि विनियोजित बजेटबाट खर्च हुने गरी आपूर्ति कर्ता मार्फत निर्माण सामाग्री (ग्राबेल) विभिन्न वडाहरुको अति आवश्यक भएका सडकहरुमा तपसिल बमोजिमका घाटहरुबाट आपुर्ति गर्ने,

१) बाङ्गेपसल-इस्लामपुर-सदावर्त सडक- खयरबोटघाट
२) भुजात बाघखोर सडक- निसर्दी, भुजात
३) कट्टीबगैंचा कुमाल गाउँ रामटार- बौदीघाट
४) सुर्यगौडा-राहुडाँडा – मुल्याहा घाट

माथिका योजना कार्यान्वयनका सम्बन्धमा १४ औ कार्यपालिका बैठकमा छलफल हुँदा आपूर्ति कर्ताले नियमानुसार राजस्व बुझाउने गरी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा ४ बमोजिम तथा प्रारम्भिक वातावरणीय अध्ययन(IEE) प्रतिवेदनको विषय सूचीको बुदाँ नं. २ र २.५.१(२,४) मा उल्लेख भएको नियम अनुसार सार्वजनिक विकास निर्माणको लागि हेभी मेसिन प्रयोग गरी उल्लेखित घाट बाट आवश्यकता बमोजिमको परिमाण प्रयोग गर्ने तथा सम्बन्धित वडा कार्यालय, ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालयको समन्वयमा नगर प्रहरी तथा वडा कार्यालयको रेखदेखमा प्रयोग गर्न अनुमति दिने निर्णय गरियो ।

CamScanner